हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : १९० पृष्ठ : ४ २०७७ माघ २८ गते बुधबार (Wednesday 10 February 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

## सिरहाको धनगढीमाईमा करोडौंको लगानीमा राईस मिल सञ्चालन





**लहान ।** सिरहाको धनगढीमाई नगरपालिका–९ मा करोडौंको लगानीमा राईस मिल सञ्चालनमा अएको छ ।

कौशल एग्रो राईस मिल प्रा.ली. को नामबाट मंगलबारदेखि विधिबत रूपमा उद्योग संचालनमा आएको हो । एनसिसि बैंकका कार्यकारी अधिकृत रेशमराज आर्यालले उधोगको उदघाटन गरेका थिए । उद्योग उदघाटन गर्दै एनसीसी बैंकका कार्यकारी प्रमुख रमेशराज अर्यालले आफ्नो बैंकले सही ठाउँमा लगानी गरेको बताए । किसानसँग जोडिएको उत्पादनमूलक संस्थामा लगानी गर्न पाएकोमा उनले खुशी समेत व्यक्त गरे । 'हामीले विभिन्न प्रकारका व्यवसायमा लगानी गर्दै आएको भएपनि यो किसानसँग जोडिएको उत्पादनमूलक हामी सबैलाई चाहिने खाद्यान्न उत्पादक हो,' एनसिसि बैंकका कार्यकारी अधिकृत अर्यालले भने, 'यसमा सबैको सहयोग र सहकार्य आवश्यक रहन्छ ।' उदघाटन कार्यक्रममा खाद्य प्रविधि तथा बाणिज्य महासंघका प्रमुख नेत्र सुवेदीले उद्योगको सफलताको कामना व्यक्त गर्दै उत्पादनलाई गुणस्तरीय बनाउन सधैं ध्यान दिनुपर्ने बताए । उनले आगामी दिनमा सिरहामा

बाँकी ३ पेजमा

## 'बेटी बचाऊ, बेटी पढाऊ' बिमा योजना बन्द

प्रदेश २ सरकारले 'बेटी बचाऊ, बेटी पढाऊ' अभियानअन्तर्गत सुरू गरेको बेटी बिमा कार्यक्रम बन्द भएको छ । प्रभु बैंकसित भएको सम्झौता अवधि सकिएपछि बिमा कार्यक्रम रोकिएको हो ।

गत माघमा प्रदेश २ सरकारले बिमा कार्यक्रमलाई अभियानको रूपमा अगाडि बढाउँदै २० वर्षमा ३ लाख निक्षेप भुक्तानी हुने घोषणा गरेको थियो ।

प्रदेश सरकारले घोषणा गरे अनुसारको कार्यक्रम पूर्ण रूपमा बन्द भएको छ ।

बाँकी ३ पेजमा

सूचना ! सूचना !! सूचना !!!
MASSEY FERGUSON
मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा
रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट।

यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।
गिफ्ट किसिम :
a) Led TV-24"
b) Fridge - 170 Ltr.
c) Leveller

हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क स्थान :- रत्ना ओटो
पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोवाईल :- ९८०११५१४३८

स्वर्ण जयन्ती वर्ष २०७७
जिल्ला उद्योग बाणिज्य संघ
DISTRICT CHAMBER OF COMMERCE AND INDUSTRY
जिल्ला कार्य समिति सिरहा, लहान
स्थापित : २०२७
सूचना ! सूचना !! सूचना !!!
यस संघको मिति २०७७।०९।२५ मा बसेको संचालक समितिको निर्णयानुसार ३२ औं बार्षिक साधारण सभा एवम् गोल्डेन जुवली बर्ष २०७७ मनाउने भएकोले निम्न मिति समय र स्थानमा छलफल गर्न वस्ने भएकोले सम्पूर्ण सदस्य महानुभावहरुलाई सहभागी भई दिन हुन अनुरोध छ ।
मिति :- २०७७।११।१९
स्थान : बाटिका टुरिजम
समय :- १०:३० बजे ।
छलफलको विषय
(१) महासचिवको प्रतिवेदन
(२) कोषाध्यक्षको प्रतिवेदन
(३) ५० औं वर्षको समिक्षा
(४) विधान संशोधन
(५) विविध
अब्दुल करिम
महासचिव



Lahan office: 033-561429, 033-561430 | Mirchaiya: 033550505, | Golbazar: 9801186055, | Kalyanpur: 031-540229



फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# निबन्ध

## क्या ! बात लहान

**ऊफ् लहान ! आहा ! लहान, ओह लहान ! क्या ! बात लहान, क्या ! बात लाहान !**

लहानको बारेमा जती लेखे पनि कम छ । लहान पुर्व-पश्चिम राजमार्गले छोएको एउटा यस्तो हिर जो झलक्क मेरो मनमा बस्न पुग्यो ।



**स्मारिका पौडेल**

यहाँ सम्भावना बढी छ । धैरे कुराको सम्भावना छ । यहाँ मान्छेहरू मनमा बस्न खप्पीस छन् । तर जती हामी कल्पना गर्न खोज्छौं ।



लहान त्यती फस्टाउन सकेनछ । किन, कसको गल्ती ? को दोषी र दोषी को ?

सरकार भनेको कुर्सीमा बसेर तलब र भत्ता पकाउनु मात्र हो र । ए, होकी क्या हो ?

जनता त झन बेफिक्री भएर बसेका छन् ।

विकासका धैरे सम्भावना देखेको छु मैले लहानमा । तर लहानबासी जागरूक हुनु जरूरी छ । आफनो गाँउ आफै बनाऔं भन्ने नारा सुरू गर्न जरूरी छ । यो कुरा लहानमा मात्र हो र ? सिंगो देश र देशबासीको बुद्धी पलाउन आवश्यक छ । अब अरूले डकारेको सुन्ने दिन गए । अब हामी सबैले आफनो जिम्मेवारी उठाउने दिन आए । हामी आफू सचेत हुने बेला आएको छ । के भनौ म ?

ओलीले खोली खाए । प्रचण्ड टल्क्क टलकेर बसे । अझ लाहान बासी फोहर ,असीक्षा गरीवि को चपेटमा फसेका छान् । झन अहिल्ये यो करोना कालमा लाहानमा निफिर्की रमाईरहेको छ । बच्चाहरूाले ज्यानको बाजी लगाएर शिक्षा लीने वा शिक्षा बेला आएको छ । यसमा कसको भलाई छ र ओली तलब खाएर बसे प्रचण्ड भाग माग्नमै व्यीत छन् । देशमा लुछाचुडी छ र जनता भागभण्डामा परे ।

चार जात छत्तीस वर्णको यो साझा फुलबारी बाँडीयो आज । आज व्यवस्था यस्तो छ एक परिवार जसरी मिलेर एक अर्का संग रमाएर बसेको हाम्रो समाज टुक्रा टुक्रा मा परिएको छ ।

आज म लहानमा छु कुनै काम विशेषले । केही रमाईलो केहि दिक्क मिश्रीत मेरो दिनहरू सजिलै सँग बितिरहेका छन । लहान एकदम रमाईलो र घमाईलो ठाँउ ।

ऊफ लहान ! आहा ! लहान क्या ! बात लहान ? धैरे धैरे मुरी मुरी माया तिमीलाई । पोल्टा भरी खुसी बोकेर जाँदैछु । मनभरी आशीष, माया र सत्कार पाएर फुरूक्क पुतली जस्तै विदा हुँदैछु । यो लहानबाट

________*बाँकी ४ पेजमा*

# नारायणहिटीमा बम !

**रा**जा महेन्द्रले जननिर्वाचित सरकार र संसद भंग गरी (२०१७ साल पुस १) प्रथम जननिर्वाचित बीपी कोइरालालाई जेल हाले पछिको कुरा हो । वेलायतकी महारानी एलिजाबेथ द्वितीयाको नेपाल भ्रमण फागुन १५ हुने तय भइसकेको थियो । कांग्रेसका सबै जसो शीर्ष नेता कि त जेलमा थिए कि प्रवासमा । कुअघि कलकत्ता पुगेका उपप्रधानमन्त्री सुवर्णशमशेर राणाले प्रजातन्त्र माथि कु भएका बेला प्रजातन्त्रको जननी मानिने बेलायतकी महारानीको भ्रमण स्थगित गर्दा उचित हुने सुझावसहित बेलायत सरकारलाई ज्ञापनपत्र बुझाउने व्यवस्था मिलाए ।

पत्रमा नेपालमा प्रजातन्त्र फर्काउनका लागि दबाब दिनसमेत आग्रह गरिएको थियो । तर, बेलायती परराष्ट्रमन्त्री लर्ड ह्युमले अशान्तिको अवस्था नभएकाले भ्रमण स्थगित नहुने आशयको वक्तव्य दिए ।

राजाविरूद्ध कांग्रेसजनमा आक्रोश चुलिएको थियो । महारानीको भ्रमणको पूर्व सन्ध्यामा 'एक्सन' गर्ने कार्यक्रम बनाइए । पूर्वसभामुख तारानाथ रानाभाटले आˆना बाबु नारायणदत्तले त्यहीताका कलकत्ता पुगेर सुवर्णशमशेरलाई भेटेको प्रसंग सुनाउँदै लेखकसँग भनेका छन् - 'मेरो बुबाले जोसिएर भन्नु भएछ । अब मलाई बन्दुक दिनुहोस्, सारालाई खत्तम गरेर म मर्न पनि सक्छु । प्रजातन्त्र ल्याउनुपर्छ । जेलका साथीहरूलाई मुक्त गर्नुपर्छ ।'

तिनैताकाको कुरा हो सुवर्णका विश्वासपात्र पाटनका तेजनन्दन जोशी र विश्वनाथ उपाध्यायसहितका मानिस मिसनका लागि कलकत्ताबाट काठमाडौं आए । 'सुन्दरीजल पावर हाउस उडाउने तयारी गरिरहँदा करेन्ट लागेर रामबहादुर क्षेत्रीको मृत्यु भयो । अनि योजना कार्यान्वयनमा आउन सकेन ।

त्यही टोलीले सिनामंगल र पुरानो वानेश्वर जोड्ने वाग्मतीको पुल उडाउने अर्को योजना बनायो । पुलमुनि बालुवामा डाइनामाइट बिछाएर

**जगत नेपाल**

बम पड्काइयो तर त्यसले खासै असर गरेन । अन्यत्र पनि पडकाउने तयारी भइरहेको थियो । तर, आफूभित्रबाट सूचना चुहिएपछि त्यो योजना सफल भएन । बम पड्काउन खटिएका पूर्व सांसद लेखनाथ न्यौपाने लेख्छन् - 'पछि हाम्रै समूहका सदस्य बलराम प्याकुरेलले गद्दारी गरेकाले धेरै साथीहरू पक्राउ परे । हाम्रो जिम्मेवारी पूरा हुन पाएन ।'

महारानीको भ्रमणपछि पनि एक्सनका कार्यक्रम भए । पुस १ को कदमपछि जेल परेका कांग्रेस नेता श्यामलाल श्रेष्ठ छुटेपछि सुवर्णलाई भेट्न कलकत्ता पुगे । उनीसँग सुवर्णले भनेका थिए - 'राजधानीमा कुनै एक्सन गर्नु पर्‍यो । अन्यत्र भएका एक्सनले अन्तर्राष्ट्रिय जगतमा खासै असर गर्दैन । यो तपाईंहरूका लागि अन्तिम मिसन हुनेछ । सफल भयो भने देशमा प्रजातन्त्र पुनःस्थापना हुन्छ ।' सुवर्णलाई भेट्ने युवा आफूले त्याग गरेर प्रजातन्त्र आउँछ भने जस्तोसुकै बलिदान दिन तयार रहने वचन दिँदै भन्थे - 'तर पड्काउने समान चाहिँ सक्कली हुनुपर्छ ।' सुवर्ण उनीहरूलाई भन्थे - 'सामान बारे तपाईंहरूले चिन्ता लिनु पर्दैन ।' श्यामलाल कलकत्ता पुगेको केही दिनमै विस्फोटक पदार्थ आइपुग्यो । डाबर कारखानाको कम्पाउन्डभित्र जमिनमुनि लुकाएर त्यसलाई राखियो । अनि कसैले थाहा नपाउने गरी परीक्षण गर्दा ठूलो आवाजमा विस्फोट भयो । अब कांग्रेसका तरूणहरू विस्फोटक पदार्थ लिएर नेपाल फर्कन तयार भए । त्यसअघि सुवर्णको सिफारिसमा उनीहरू एउटा अंग्रेजी फिल्म हेर्न गए । उत्साहित भएर फर्किए । कलकत्ताबाट फर्किएपछि नारायणहिटी दरबारको दक्षिण ढोका, सिंहदरबार, रेडियो स्टेसन, वाग्मती पुल, गोरखापत्र संस्थान, प्रहरी



हेडक्वाटरलगायत राजधानीका २६ स्थानमा एकै पटक विस्फोट गराउने मिसनमा खटिएका श्यामलाल श्रेष्ठले भनेका छन् - 'माथिबाट 'ओके' भएपछि सुवर्णजीले भन्नुभयो । तपाईंहरू जानुस् । विस्फोटक पदार्थ विश्वासिलो च्यानलबाट पठाइनेछ ।'

पटनाबाट उडेको शाही नेपाल वायु सेवा निगमको जहाजबाट फलफूलको टोकरीमा लुकाएर रूपचन्द्र नाहटाले काठमाडौंमा बम भित्र्याए । त्यही दिन उनी विस्फोटक पदार्थसहित पक्राउ परे । लगत्तै मुकुन्द शर्मा, ओमकारप्रसाद श्रेष्ठ, श्यामलाल श्रेष्ठ र श्रीकृष्ण वैद्य पनि पक्राउ परे । उनीहरूमाथि चलाइएको राजकाज अपराधअन्तर्गतको मुद्दामा २०१९ साल कात्तिक १९ गते विशेष अदालतले जन्मकैदको सजाय सुनायो । अराष्ट्रिय तत्त्वसँग सम्पर्क राखी राजदरबार, पावर हाउस, सिंहदरबारलगायतका घरहरूमा बम पड्काई ध्वस्त पार्ने मनसायले टाइमिङ घडी तारसमेतका सामान ल्याएको अभियोग उनीहरूमाथि थियो । मुद्दामा भनिएको थियो - 'सुवर्णशमशेरका छोरा कञ्चनशमशेरले फलफूलको टोकरीभित्र हाली काठमाडौं पठाएका बमहरू ल्याई लुकाई राख्न लगाएको अवस्थामा रूपचन्द्र पक्राउ परेका थिए । यसरी 'त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, नारायणहिटी दरबार, सुन्दरीजलस्थित विद्युत् गृहसहित काठमाडौंका विभिन्न स्थानमा बम विस्फोटन गराउने योजना तय भयो । तर सफल भएन ।' पञ्चायती सरकारले सेना, प्रहरी र गुप्तचर परिचालन गरी कांग्रेसको योजना विफल बनायो ।

सशस्त्र क्रान्तिमा सहभागी पूर्वप्रधानमन्त्री सुशील कोइरालाले बम बोकेर आफू विमानस्थल हुँदै काठमाडौं आएको घटना २०७० साल मंसिर दोस्रो साता लेखकलाई सुनाएका थिए । पहिलो संविधान भसभामा पराजित भएका उनी मैले भेट्दा बाँके र चितवनबाट निर्वाचित भई संविधान सभाको ठूलो दलको नेताको हैसियतमा प्रधानमन्त्री हुने पक्का भइसकेको थियो । कोइरालाले सुनाए - 'एकपटक म आफैं टाइम बमसहित त्रिभुवन विमानस्थलबाट काठमाडौं उत्रिए । झोलाको तल्लो भागमा टाइम बम थियो । बारूदले भरिएको हर्लिक्सको सिसा पनि ल्याएको थिएँ ।'

त्यस बेलासम्म विमानस्थलमा एक्सरे मेसिनले चेक जाँच गर्ने चलन थिएन । झोला छामछुम गरेपछि सुरक्षाकर्मीले हर्लिक्सको सिसा खोल्यो र सोध्यो - 'यो के हो' ? हर्लिक्स हो, बिरामी छु । खानल्याएको ।' भने सुशीलले । 'धन्न झोला खोलेन र म बाचेँ । त्यसपछि जहाजबाट कहिल्यै त्यसरी यात्रा गरिन ।' त्यस दिन कोइराला एकदमै हर्षित मुडमा थिए । कार्यवाहक सभापति हुँदा पहिलो संविधान सभा (२०६४) मा आफैं पराजित भएका थिए । पार्टीको साइज खुम्चिएको थियो तर २०७० सालमा आˆनै नेतृत्वमा कांग्रेस पहिलो दल बनेको थियो । त्यही कारण उनी हर्षित मुद्रामा हुने नै भए ।

उनले सशस्त्र क्रान्तिका कथा सुनाउँदै गर्दा लेखकका साथ कांग्रेसका तत्कालीन प्रमुख सचेतक चिनकाजी श्रेष्ठ, उनका छोरा र पत्रकार हरहरी उपाध्याय पनि थिए । कोइराला कथा सुनाउँदै थिए । त्यहीबीच एक जना चर्चित पत्रकार - 'सुशील दाइ जय नेपाल ! धेरै धेरै बधाई छ । तपाईको नेतृत्वले कांग्रेस पहिलो दल भएको छ ।' भन्दै आइपुगे । त्यसपछि सुशीलले त्यस विषयमा मुख खोलेनन् । उनको मुखबाट सशस्त्र क्रान्तिका कथा सुन्ने अवसर मलाई मिलेन ।*साभार : बाह्रखरीबाट*

# आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- राजनैतिक कार्यमा बाधा आउने र स्वास्थ्यमा समस्या आउन सक्छ । फलदायी यात्रा पनि नहोला, तर अभिभावकको आशीर्वादले काम गर्नसक्छ ।

**वृष** :- आज अधुरो काम पूरा होला । पारिवारिक सुखले प्रफुल्लित भइनेछ । व्यवसायका लागि यात्राको सम्भावना छ । कृषि कार्य पनि राम्ररी अघि बढ्नेछ ।

**मिथुन**:- आज मंगल कार्यको योग छ । अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । आर्थिक क्षेत्र राम्रै रहला । आतिथ्यपूर्ण सम्मान पाइएला ।

**कर्कट** :- दाम्पत्य जीवन सुखमय हुनेछ । वैदेशिक कार्य अघि बढ्नेछ, तर यात्रामा सावधानी अपनाउनु पर्नेछ र तर्क, विवाद र प्रतिस्पर्धाबाट लाभ हुने छैन ।

**सिंह**:- धार्मिक कार्य सफल नै रहनेछ । प्रेम सम्बन्ध कसिलो होला । महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्ला ।

**कन्या** :- काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । जीवनसाथीको सल्लाहमा गरिएको कार्यबाट अधिक सफलता मिल्नेछ ।

**तुला** :- आज अनुहारमा कान्ति र मनमा शान्ति छाउला । बौद्धिक काममा सफलता मिल्ने र मन प्रसन्न रहनेछ । लाभदायक यात्रा पनि हुनेछ ।

**वृश्चिक** :- शुभकार्यको चर्चा चल्नेछ । नयाँ सवारी साधन प्राप्तिको योग छ । सामाजिक कार्यमा सफलता मिल्नेछ । विपरीतवर्गबाट विशेष सहयोग मिल्नेछ ।

**धनु** :- अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला । महत्वपूर्ण अवसर गुम्न सक्छ । सामान हराउने योग छ, तर विपरीतवर्गबाट विशेष सहयोग मिल्नेछ ।

**मकर**:- आज आँटेको र ताकेको कार्य पुरा होला । ठीक समयमा सही निर्णय लिन सकिनेछ । बोलीको प्रभाव पनि बढ्नेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**कुम्भ**:- आज नयाँ कमको थालनी हुनेछ । धार्मिक यात्राको योगछ । अचल सम्पत्ति हात पर्ला । सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ ।

**मिन** :- आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ । दिनको उत्तरार्ध सुखद् रहनेछ ।

# सेवा सुविधा विस्तार गर्दै सप्तऋषि अस्पताल

**फिरोज शेख**

लहान । सिरहाको लहानमा अवस्थित सप्तऋषि अस्पतालले सेवा विस्तार गरेको छ । अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. सुभाष बाबु साहले सूचना जारि गर्दै अस्पतालले विगतका दिनहरूमा दिदैं आएको स्वास्थ्य सेवाहरूबाट प्रभावित भई अझ प्राविधिक तथा सुविधायुक्त बनाउन र सबै वर्गका विरामीहरूलाई सुविधायुक्त सँगै सुलभ दरमा सेवा प्रदान गर्ने उदेश्यका साथ आफ्नो सेवा विस्तार गर्न लागेको उल्लेख गरेका हुन ।



अस्पतालले २४ सै घण्टा इमर्जेन्सी, प्रसुती, अप्रेशन, फार्मेसी, ल्याबोरेटरी, भिडियो एक्सरे, फिजियोथेरापी, डिजिटल एक्सरे, आउट पेटेन्ट एण्ड इन पेटेन्ट, क्याविन सेवा सुविधा, एनआइसीयु, हाइ केयर युनिट, सिटि स्क्यान, पेयिंग वार्ड सेवा दिदै आएको छ ।

त्यसैगरी अस्पतालले एचए, सिएमए र नर्सिङ्गको ट्रेनिंग, इन्टरसीप जबसंगै वर्कशोप सञ्चालन गर्दै आएको छ । अस्पतालले नयाँ वर्ष २०७८ को सुरूवातसंगै पीडारहित प्रसुती सेवा, इन्डोस्कोपी तथा शल्यक्रिया, दाँत सम्बन्धि सम्पूर्ण रोगको सेवा लगायतका सेवा सुविधाहरू सुचारू गरिने जनाएको छ । सप्तऋषि अस्पतालले अब विरामीहरूको सेवासुविधालाई मध्यनजर गर्दै नाफा मुखी नभई सेवामुखी सेवा प्रदान गर्ने उदेश्यका साथ आफ्नो सेवा सुविधा विस्तार गर्दै जाने जनाएको छ । यसैबीच अस्पतालले कोभिड–१९ कोरोना महामारीले निम्त्याएको आर्थिक भारलाई कम गर्न अस्पतालमा संचालित ओपीडि सेवाको टिकट फागुन १ गते देखि विहानको ७:३० बजे देखि ९ :३० बजे सम्ममा टिकटको शुल्क रू .१०० मात्र निर्धारण गरिएको अस्पतालका प्रवन्धक ऋषि रंजन चौधरीले जानकारी दिए ।

## सिरहाको ...

चामल उत्पादन भएपनि देशका अन्य ठाउँमा पनि उत्पादनको प्रचार गर्न पाईयोस् भन्ने चाहाना व्यक्त गरे ।

उनले नेपाली किसानहरूलाई धान उत्पादन बढाउनु पर्नेमा जोड दिए । 'हामीले उत्पादन गरेनौं र सीमापारीको मात्र भर पर्‍यौं भने हाम्रो मूल्यमा वृद्धि भएर जाने हो,' उनले भने, 'त्यसैले हामीले हाम्रो उत्पादनमा पनि ध्यान दिन जरूरी छ ।'

उदघाटन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी प्रदिपराज कडेलले उद्योगले गुणस्तर कायम गरेर आफ्नो उत्पादनलाई गुणस्तरीय बनाउन सुझाव दिए । नेपालको मेची देखि महाकाली सम्म ब्राण्डेड चामल निर्यात गर्ने मुख्य उदेश्य सहित मिल सञ्चालनमा ल्याईएको संचालक महेश साहले जानकारी दिए ।

कौशल एग्रो राइस मिल प्रदेश २ कै अत्याधुनिक प्रविधिमा आधारीत राइस मिल भएको बताइएको छ । दैनिक ५० टन भन्दा बढी पूर्ण उसिना चामल उत्पादन क्षमता रहेको सञ्चालक साहले जानकारी दिए । 'अहिले सम्म यो प्रविधिको मिल प्रदेश नं. २ मा छैन, हामीले पहिलो पटक सञ्चालनमा ल्याउँदै छौं,' साहले भने, 'आफूले हरेक प्रकारले प्रदेशकै नमुना चामल उद्योग निर्माण गर्न पाएकोमा खुसी छु ।' उद्योगमा ५० करोड भन्दा बढी लगानी रहेको बताइएको छ ।

उदघाटन कार्यक्रममा नेपाल पत्रकार महासंघ सिरहाका सभापती दिनेश्वर प्रसाद गुप्ता, जिल्ला उद्योग बाणिज्य संघ लहानका अध्यक्ष अशोकलाल आमात्य, धनगढीमाई नगरपालिकाका नगरप्रमुख हरिनारायण चौधरी, सगरमाथा पेट्रोलियम डिलर संघका प्रतिनिधि, गोलबजार व्यापार संघ, बाणिज्य संघ, प्रदेश २ का साथै जिल्ला भित्रका एनआईसी बैंक, एनसिसी , राष्ट्रिय बाणिज्य बैंक, नेपाल बैंक, सिभिल बैंकका प्रतिनिधिहरूको सहभागीता रहेको थियो ।

## बेटी बचाऊ...

कात्तिकदेखि जन्मेका छोरीहरूको बिमाका लागि दर्ता समेत गरिएको छैन् । त्यसअघि साउनदेखि दर्ता भएका छोरीहरूको खाता खोलेर बैंकमा रकम दाखिल नगरिएको पाइएको छ ।

'माघ महिनामा बिमाका लागि सञ्चालन गरिएको शिविरमा दर्ता भएका बेटीहरूको बिमाको रकम पठाइसकिएको छैन्' कार्यक्रम संयोजक प्रियंका यादवले भनिन्, 'दर्ता भएको कागजातहरु सबै पालिकामा छ । उनीहरूको अहिले सबै प्रकृया पुरा भइसकेको छैन ।'

'हाल सम्म दुई चरणमा गरेर ७ हजार १ सय २९ जना बेटीको सबै प्रकृया पुरागरी खातामा रकम जम्मा भइसकेको छ ।' कात्तिक महिनादेखि दर्ताको काम नै रोकिएको उनले जनाइन् । शिविरबाट संकलित २६ हजार बेटीको प्रकृया पुरा नभएको बताउँदै उनले बैंक छनौटको प्रकृयालाइ अगाडि बढाइएको बताएकी छन् ।

प्रभु बैंकसितको सम्झौता रद्द भएको ७ महिना भइसक्दापनि अर्को बैंकसित सम्झौता गरिएको छैन । प्रदेश सरकारले बेटी पढाउ, बेटी बचाउ अभियानलाई अत्यन्त महत्वका साथ प्रचारमा ल्याएपनि दुई वर्ष पनि निरन्तरता पाउन सकेन ।

२० वर्ष पछि बेटीलाई एकलाख भुक्तानी दिने कार्यक्रमबाट सुरू भएको योजनामा रकम तीन लाख पुर्‍याइएको छ । तर हाल सम्म ७ हजार बेटीको मात्र बिमारमुद्दतीमा रकम जम्मा भएको छ । नेपाल राष्ट्र बैंकमा दर्ता रहेका फाइनान्स कम्पनीहरु मार्फत मुद्दती बचतको कार्य गरे निर्धारित २० वर्षमा बैंकले दिने ब्याज भन्दा बढी रकम फाइनान्स कम्पनीले दिनेछ । बैंक भन्दा फाइनान्स कम्पनीको ब्याजदर बढी भएको र अधिकतम साढे ५ वर्षमा रकम दोब्बर हुने भएकाले बैंकको भन्दा फाइनान्स कम्पनीबाट बेटीले २० वर्षमा बढी रकम भुक्तानी पाउने छन् ।


**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**-: जनहितका लागि :-**

हरेक खबर, विशेष खबर | जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ | राष्ट्रिय दैनिक

लहानपोस्ट LAHANPOST DAILY


## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३–५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान– | ७०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |


# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा

# लहानमा इन्टर स्कुल टि–२० क्रिकेट प्रतियोगिता सुरु

■ **फिरोज शेख**



**लहान** । लहानमा इन्टर स्कुल टि–२० त्रिकेट प्रतियोगिता आयोजना गरिएको छ । एपोलो ओम सेकेन्डरी स्कुल र साइपल कलेजद्वारा आयोजित प्रतियोगिताको मंगलबर समाजसेवी मस जोडी अर्थात महेश चौधरी र संगीता कर्माचार्यले उदघाटन गरेका छन् ।

प्रतियोगिताको उदघाटन गर्दै मस जोडीले शारीरिक र मानसिक स्फूर्तिका लागि खेल महत्वपूर्ण भएको बताए । 'शारीरिक र मानसिक स्वास्थ्यका लागि खेल अति आवश्यक छ, खेलले मानिसलाई उर्जा र स्फूर्ति मिल्छ,' प्रतियोगिताको उदघाटन गर्दै मस जोडीले भने, 'खेल क्षेत्रमा गरिने लगानीले राज्यका सबै क्षेत्रलाई स्वास्थ्य र गतिशील तुल्याउँछ, त्यसैले खेलका लागि स्थानीय तहले पनि आफ्नो लगानी बढाउन जरूरी छ ।'

युवा देशका कर्णधार भएकाले उनीहरूलाई देश विकास र समृद्धिका लागि केहि नकेहि क्रियाकलापमा संलगन गराई रहनु पर्ने बताउदै युवालाई लागूऔषध दुर्व्यसनीमा नफसन आग्रह गरे । नेपाली समाजमा खास गरी साथीभाइको संगत, बेरोजगारी, परिवारको भूमिकामा कमी, पश्चिमा संस्कृतिको प्रभाव, लागूपदार्थको व्यापारबाट छिट्टै धनी बन्ने व्यापारीक चिन्तन आदिले लागूपदार्थको दुरूपयोग बढ्दै गइरहेको प्रति उनीहरूले चिन्ता व्यक्त गरे ।

प्रतियोगितामा लहान नगरपालिका भित्र रहेका सहभागी १६ वटा स्कुलहरूका खेलाडी तथा शिक्षक, विद्यार्थीहरूको उपस्तिथी रहेको थियो । प्रतियोगितामा विजेता तथा उपविजेता हुने स्कुललाई शिल्ड, मेडल र प्रमाण–पत्र प्रदान गरिने आयोजकले जनाएको छ । लहानमा अवस्थित पशुपति आदर्श माविको प्रांगणमा आयोजना भईरहेको प्रतियोगिता अन्तर्गत मंगलबार भएको मनकामना बोर्डिंग स्कुल र पशुपति आदर्श मावि बीचको उदघाटन खेलमा पशुपति आदर्श माविलाई ३८ रनले पराजित गर्दै मनकामना विजय भएका छन् । टस जितेर पहिला ब्याटिंग गर्दै मनकामनाले १८ ओभर ५ बल खेल्दै १४२ रनमा अल आउट भएको थियो । मनकामनाको तर्फबाट अभिनास पासवान ३० रन, सुभाष रिजाल १७ रन र जय मण्डल १५ रन जोड्दै १४२ रन बनाउन सफल भएका थिए । पशुपति स्कुलको तर्फबाट बलिङ्ग गर्दै धिरज मण्डलले ४ ओभरमा १७ रन खर्चेर ३ विकेट, रितेश शर्मा ४ ओभरमा ३० रन खर्चेर २ विकेट र शिव मण्डल ३ ओभर ५ बलमा ३३ रन खर्चेर २ विकेट लिन सफल भएका थिए । जवाफी ब्याटिंग गर्न मैदानमा उत्रेका पशुपति आदर्श माविले १६ ओभर ५ बलमा अलआउट हुँदै मात्र १०४ रन योगफल बनाउदा ३८ रनले पराजित हुनपुग्यो । पशुपति माविका लागि ब्याटिंग गर्दै सोनु शर्मा १९ रन, विवेक मण्डल १० रन र रमेश मण्डलले १० रनको योगदान दिएका थिए । पशुपति माविलाई १०४ रनमा समेट्न मनकामनाका शंकर भगतले ४ ओभर बलिङ्ग गर्दै २७ रन खर्चेर ३ विकेट, सिद्धार्थ मण्डल ३० रन खर्चेर ३ विकेट र रमेश यादव १७ रन खर्चेर २ विकेट लिन सफल भएका थिए । यसै बीच प्रतियोगिता अन्तर्गत सम्पन्न दोस्रो खेलमा सलहेस फुलबारी स्कुललाई शिवम रेन्वो स्कुलले १० विकेटले पराजित गर्दै विजय सुरूवात गरेका छन् । सलहेस फुलवारीले दिएको ५२ रनको लक्ष्यलाई विना कुनै क्षति ५३ रन बनाउदै शिवम रेन्वो स्कुलले विजय सुरूवात गरेका छन् । प्रतियोगितामा सिरहा एकेडमी, लक्ष्मण ललिता, पशुपति आदर्श मावि, मनकामना, लर्ड बुद्ध, बेवी एन्जल, जी.वि .श, हिमालयन विधा निकेतन, सल्हेश फुलबारी, रेन्वो शिवम, गुरूकूल, मेरी चिल्ड्रेन, सफ्टेक, शारदा, समता र एपोलो ओम स्कुलले सहभागिता जनाएका छन् । प्रतियोगिताको उदघाटन समाजसेवी महेश चौधरीले ब्याटिंग गरी गरेका थिए । खेलको निर्यायक एम्पायरमा संजय चौधरी र अजय पासवान रहेका छन् । भने प्रतियोगिताको व्यवस्थापनमा क्रिकेटर सुमित चन्द्रदेव रहेका छन् ।

## क्या ! बात...

धेरै धेरै आशीष छ यो लहान तिमीलाई, धन्यवाद र जदौं लहान ! म पहाडकी छोरी, चटक्क परेको यो लहानमा यसरी रमाई । यसरी रमाई यो लहानमा जसोगरी पुतली फूलमा बसेर रमाउँछ ।
यही हो मेरो सपना, यो लहान उचालीयोस, उकालियोस र बनोस पनि लहानलाई साधुवाद लहानलाई धन्यवाद र लहानलाई जिन्दावाद उफ ! लहान, ओहो ! लाहान, वाह ! लाहान, क्या ! बात लहान, क्या ! बात लहान । लहान तिमी फोहरी देखीन थाल्यौं । यसरी बसेर भएन लहान उठ, जाग र कडक् तिमी । त्यो सुनौलो घाम जस्तो चडक् तिमी ऊफ ! लहान, ओहो ! लहान, वाह ! लहान, क्या ! बात लहान, क्या ! बात लहान ।


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा





लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)